# स्थानीय राजपत्र

भाग २ खण्ड ४ संख्या ४

## ताराखोला गाउँपालिकाको
## छात्रवृत्ति वितरण कार्यविधि, २०७७

ताराखोला गाउँपालिकाद्वारा प्रकाशित
राजपत्र

दारखोला गाउँपालिका

# ताराखोला गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड (४) संख्या (४) मिति – २०७७/११/११

### भाग : २

### ताराखोला गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम ताराखोला गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसा( धारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७७ सालको कार्यविधि नं. १२

### कार्यविधिको नाम: ताराखोला गाउपालिकाको छात्रवृत्ति वितरण कार्यविधि,२०७७

ताराखोला गाउँपालिकामा बसोबास गर्ने सामुदायिक बिद्यालयबाट एस.इ. इ.उर्तिण गरी उच्च शिक्षामा अध्ययनरत जेहेन्दर द्वन्द पिडित र गरिब परिवारका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने गाउँपालिकाको नीति अनुसार छात्रवृत्ति रकम लक्षित वर्गसम्म व्यवस्थित एवम् पारदर्शी तरिकाबाट वितरण गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि गाउँकार्यपालिकाले यो कार्यविधी बनाएको छ ।

ताराखोला गाउँपालिका

**१. संक्षिप्त नामर प्रारम्भ**

क) यो कार्यविधिको नाम ताराखोला गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०७७ रहेको छ।

ख) यो कार्यविधि  कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

क) "गाउपालिका" भन्नाले ताराखोला गाउँपालिका सम्झनु पर्छ।

ख) "छात्रवृत्ति" भन्नाले प्राविधिक र साधारण उच्चशिक्षामा भर्ना भई अध्ययन शुरु गरेका जेहेन्दार,द्बन्द  पिडित गरीव परिवारका विद्यार्थीलाई उपलब्ध गराईने सहायता रकम सम्झनु पर्दछ।

ग) "समिति" भन्नाले यसै कार्यविधि अनुसार गठित छात्रवृत्ति व्यवस्थापन समति सम्झनु पर्दछ।

**३. कार्यविधिको उद्देश्य**

(१) यस कार्यविधिका उद्द्देश्यहरु देहायबमोजिम छन:

क) छात्रवृत्ति वितरणको लागी पारदर्शी र स्पष्ट आधारहरु तयार गर्ने ,

ख) छात्रवृत्ति रकम लक्षित वर्गसम्म पुर्याउने।

**४. छात्रवृत्ति व्यवस्थापन समिति**

(१) गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्ति व्यवस्था गर्न देहाय बमोजिम छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ:

क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

ग) लक्षित वर्गको प्रतिनिधित्व हुनेगरी कार्यपालिका सदस्यमध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना -सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ङ) शिक्षा शाखा प्रमुख सदस्य-सचिव

(२ ) छात्रवृत्ति व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार:

क) छात्रवृत्ति  वितरणको लागी सूचना प्रकाशित  गर्ने ,

ख) कार्यविधिले तोके बमोजिम निवेदन संकलन गरी  अंक प्रदान  गर्ने,

ग) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नाम सिफारिस गर्ने ।

(३) समितिले आफूलाई तोकिएको काम कर्तब्य र अधिकार मध्य केही वा सबै काम

ताराखोला गाउँपालिका

गर्न सहमतिमा कुनै सदस्य वा सदस्य- सचिवलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ

**५. छात्रवृत्ति प्राप्त गर्न आवश्यक योग्यता:**

(१) प्राविधिक र साधारण उच्च शिक्षामा अध्ययनरत हुनुपर्ने,

(२) शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गरेको हनुपर्ने ।

**६ . छात्रवृत्तिको लागी सूचना प्रकाशित गर्नुपर्ने:**

गाउँसभाबाट छात्रवृत्ति शिर्षकमा विनियोजित रकमबाट छात्रवृत्ति वितरण गर्न कम्तिमा १५ दिनको म्याद राखी सूचना प्रकाशित गर्नुपर्नेछ ।

**७. विद्यार्थी छनौट:**

१, छात्रवृत्तिको लागी बिधार्थी छनोट गर्दा प्राविधिक शिक्षातर्फ ५ जना र साधारण शिक्षातर्फ ३ जना लाई मात्र छनौट गरिनेछ,

(१)दफा ६ बमोजिम प्रकाशित सूचना अनुसार पर्न आएका निवेदन अनुसार देहाय बमोजिम प्रत्येक तहको लागी १०० पूर्णाङ्क कायम गरी देहाय बमोजिमका दरले अंक प्रदान गरिनेछ ।

| क्र.स. | अंक प्रदान गर्नेआधारहरु | अंक |
|---|---|---|
| (क) | स्नातकोत्तर वा सो सरह अध्ययन गरिरहेका विद्यार्थीहरुको लागी | |
| | अपाङ्ग | १२ |
| | दलित | १५ |
| | द्बन्द पिडित /शहिद परिवार | २० |
| | महिला | ५ |
| | अल्पसङ्ख्यक | ८ |
| | गरीव | १० |
| | स्नातक तहको उतिर्ण प्रतिशत | १० |
| | प्रथम श्रेणी -१०<br>दित्तिय श्रेणी - ७<br>तृतिय श्रेणी -५ | |
| | प्राविधिक शिक्षातर्फ स्नातकोत्तर अध्ययनरत | १५ |



तारकेश्वर गाउँपालिका

| | | |
|---|---|---|
| | साधारण शिक्षातर्फ स्नातकोत्तर अध्ययनरत | ५ |
| (ख) | स्नातक वा सो सरह अध्ययन गरिरहेका विद्यार्थीहरुको लागी | |
| | अपाङ्ग | १२ |
| | दलित | १५ |
| | द्वन्द पिडित/ शहिद परिवार | २० |
| | महिला | ५ |
| | अल्पसंख्यक | ८ |
| | गरिव | १० |
| | प्राविधिक शिक्षातर्फ स्नातक अध्ययनरत | १५ |
| | साधारण शिक्षातर्फ स्नातकअध्ययनरत | ५ |
| | प्रविणता प्रमाणपत्र तहको उतिर्ण प्रतिशत | १० |
| | प्रथम श्रेणी -१०<br>दित्तिय श्रेणी - ७<br>तृतिय श्रेणी -५ | |

(२) उपदफा (१) बमोजिम अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई गाउँसभाबाट विनियोजित रकम स्नातकोत्तर वा सो सरह,स्नातक वा सो सरह, प्रविणता प्रमाणपत्र तह वा सो सरहमा अध्ययनरत विद्यार्थीहरुलाई तपशिल बमोजिम विभाजन गरिने छ ।

क) स्नातकोत्तर वा सो सरहः सभाले विनियोजित कूल रकमको ५५ प्रतिशत

ख) स्नातक वा सो सरहः सभाले विनियोजित कूल रकमको ४५ प्रतिशत

(३) उपदफा (२) बमोजिम तहगत रुपमा विभाजन गरी हुन आउने रकम उपदफा (१) बमोजिम अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई प्रत्येक तहमा हुन आउने रकमलाई सतप्रतिशत मानी बढी अंक प्राप्त गर्ने देखि कम अंक प्राप्त गर्नेलाई क्रमशः प्रथमिकताको आधारमा समितिले सिफारिस गरेको रकम प्रदान गरिनेछ। समितिले रकम सिफारिस गर्दा बढी अंक प्राप्त गर्नेलाई बढी र कम अंक प्राप्त गर्नेलाई क्रमशः कम रकम सिफारिस गर्नेछ ।

(४) उपदफा (२) बमोजिम कुनै तहमा अध्ययनका लागी निवेदन नपरेमा उक्त तहमा

पर्न जाने छात्रवृत्ति रकम बाँकी रहेको अर्को तहमा समावेश गरिनेछ ।

**८. छात्रवृत्ति प्राप्त नहुने:**

(१) दफा (७) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अबस्थामा छात्रवृत्ति उपलब्ध हुनेछैन ।

क) नियमित अध्ययन नगर्ने विद्यार्थी,

ख) नेपाल सरकार वा अन्य निकायबाट छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थी,

(२) शिक्षण संस्थाले लिने शुल्क भन्दा बढी छात्रवृत्ति रकम उपलब्ध हुने छैन ।

**९. छात्रवृत्ति प्राप्त गर्न संलग्न गर्नुपर्ने कागजातहरू:**

(१) छात्रवृत्ति लिन ईच्छुक विद्यार्थीहरुले देहाय बमोजिमका कागजात सुचनामा तोकिएको मिति भित्र गाउँपालिकामा बुझाउनुपर्नेछ ।

क) निवेदन

ख) शिक्षण संस्थामा भर्ना भएको प्रमाण कागजात,

ग) नियमित हाजिरी भएको भनी शिक्षण संस्थाले प्रमाणित गरेको कागजात,

घ) अपाङ्गता भएको भए परिचय पत्र,

ङ) अध्ययनरत तहभन्दा तल्लो तहको शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी,

च) शिक्षण संस्थाको भर्ना शुल्क, मासिक शुल्क, परिक्षा शुल्क खुल्ने कागजातहरु,

छ) द्बन्द पिडित शहिद परिवार भए सोको प्रमाण ।

ज) गरिव भएमा वडा अध्यक्षबाट गरीव भनि प्रमाणित

**१०. छात्रवृत्ति रकम बिद्यार्थीको बैङक खातामा भुक्तानी गरिने:**

१) विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति सम्बन्धित विद्यार्थीको बैङक खातामा जम्मा गरिनेछ,

**११. स्वयंसेवामा लगाउन सकिने:**

(१) छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीहरुलाई नि:शुल्क वा गाउँपालिकाले तोकेको रकममा गाउँपालिकामा स्वयं सेवकको रुपमा निश्चित समयसम्मको लागी काम गर्न लगाउन सकिनेछ ।

**१२ विविध**

क) यस कार्यविधि जारी–हुनु–भन्दा अगाडी भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ख) यो कार्यविधीको संशोधन वा कुनै दफा खारेजी गर्ने अधिकार गाउँकार्यपालिका लाई हुनेछ ।

## अनुसूची १
## छात्रवृत्तिको लागी दिईने निवेदनको ढाँचाः

श्री मान् अध्यक्ष ज्यू
ताराखोला गाउँपालिका, अर्गल बागलुङ ।

**विषयः छात्रवृत्ति सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वधमा हाल म ...................................... विद्यलयमा /क्याम्पसमा /विश्वविद्यालयमा .................................. कक्षा / तहको ................ वर्षमा अध्ययन गरिरहेको /रहेकी छु । मेरो निम्न आर्थिक अवस्थाको कारणले पढाइमा निरन्तरता दिन समस्या भएकोले मलाई यस गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक/साधारण उच्चशिक्षा छात्रवृत्ति
उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

निवेदकको
दस्तखतः
नामः
ठेगनाः
मितिः

ताराखोला गाउँपालिका

आज्ञाले,
नाम – राम प्रसाद शर्मा
प्रमुख प्रशासकिय अधिकृत